# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ४, संख्याः २७, कार्तिक ५ गते, २०७७ साल**


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

## व्यास नगरपालिका सवारी साधन तथा यातायात व्यवस्थापन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।७।५

**प्रस्तावनाः** व्यास नगरपालिका क्षेत्रभित्र सर्वसाधारण नागरिकलाई सरल एवं सुलभ ढंगबाट यातायात सुविधा उपलब्ध गराउन, यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन, सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पिडित पक्षलाई राहत दिलाउन तथा सवारी साधन करको असुल उपर गर्ने कार्यप्रणालीलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) (ट), दफा १०२ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका सवारी साधन तथा यातायात व्यवस्थापन कार्यविधि, २०७७" हुनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "उप-प्रमुख" भन्नाले व्यास नगरपालिकाको उप-प्रमुख सम्झनुपर्छ ।

(ख) "कार्यविधि" भन्नाले व्यास नगरपालिका सवारी साधन तथा यातायात व्यवस्थापन कार्यविधि, २०७७ सम्झनुपर्छ ।

(ग) "कर" भन्नाले प्रचलित कानून बमोजिमको सवारी साधन कर सम्झनुपर्दछ ।
(घ) "नगर कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।
(ङ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।
(च) "नगर सभा" भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनुपर्छ
(छ) "नगर क्षेत्र" भन्नाले व्यास नगरपालिकाको सीमाना भित्रको क्षेत्र सम्झनुपर्छ ।
(ज) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।
(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।
(ञ) "स्वरोजगार" भन्नाले आफ्नो वा एकाघर परिवारको नाउँमा बिलबुक भई सवारी चालक अनुमति प्राप्त गरी आफैंले सवारी चलाएको व्यक्ति सम्झनुपर्छ
(ट) "राहत कोष" भन्नाले यसै कार्यविधिको दफा १८ बमोजिमको राहत कोष सम्झनुपर्छ
(ठ) "रुट" भन्नाले सवारी साधन सञ्चालनका लागि नगर क्षेत्रभित्र राजमार्ग सडक बाहेक नगरपालिकाले निश्चित क्षेत्र तोकी रुट इजाजत पत्रमा उल्लेखित रुट सम्झनुपर्छ ।
(ड) "सञ्चालन अनुमति" भन्नाले व्यास नगरपालिकाले रुट निर्धारण गरी नगर क्षेत्र भित्र सञ्चालन गर्न दिइने अनुमति सम्झनुपर्छ । साथै आवश्यकता अनुसार सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरी दर्ता भएका र दर्ताका लागि सिफारिस भएका सवारी साधनको सञ्चालन अनुमति सम्झनुपर्छ ।
(ढ) "समिति" भन्नाले यसै कार्यविधिको दफा १४ (१) बमोजिमको गठित व्यवस्थापन समिति सम्झनुपर्छ ।
(ण) "सवारी साधन" भन्नाले पेट्रोल, डिजल र विद्युतीय शक्तिबाट चल्ने दुई पांग्रे, तीन पांग्रे वा सो भन्दा बढी पांग्रा भएको निजी, सार्वजनिक, मालवाहक वा ढुवानीका सवारी साधन सम्झनुपर्छ ।

## परिच्छेद २
## उद्देश्य

३. **उद्देश्य**: (१) यो कार्यविधिको तल लेखिए बमोजिम उद्देश्य रहेका छन्:
(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) (ट) ले स्थानीय तहलाई यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन गर्न दिएको अधिकारलाई व्यवस्थित गर्न,
(ख) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन गर्न,
(ग) वातावरणमैत्री, जलवायू परिवर्तन अनूकुलन, विपद् जोखिम सम्बद्ध, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन गर्न ।

## परिच्छेद ३
## दर्ता, अनुमति एवं नवीकरण सम्बन्धी व्यवस्था

४. **सञ्चालन अनुमति लिनुपर्ने**: (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने सवारी साधनले प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने निकायबाट दर्ता गरी नगरपालिकाबाट सञ्चालन अनुमति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन अनुमति नलिई नगर क्षेत्रभित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

(३) निजी, सरकारी र संस्थागत सवारी साधन समेत दर्ता गर्नुपर्दछ ।

**५. अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइने:** नगरपालिकाको राजमार्ग सडक बाहेक अन्य सडकमा सञ्चालनका लागि दर्ता भई रुट अनुमतिपत्र बाहक बाहेक अन्य सवारी साधन सञ्चालनमा पूर्णत बन्देज गरिनेछ । तर छिमेकी पालिकामा रुट इजाजत प्राप्त सवारी साधनले बिरामी उपचारका लागि लिएर आएको अवस्था बाहेक सिमा क्षेत्रबाट १ कि.मि. भन्दा बढी क्षेत्रमा सवारी ल्याउन पाइने छैन र फर्किदा बिरामी बाहेकका यात्रु लिएर फर्किन पाइने छैन । साथै पर्यटकीय उद्देश्य एवं पारिवारिक भेटघटका लागि पटके अनुमति लिन सकिने छ ।

**६. दर्ता तथा नवीकरण गर्नुपर्ने:** (१) नगर क्षेत्रमा सञ्चालन हुने गरी यसै कार्यविधिमा उल्लेखित संख्यामा नबढ्ने गरी दर्ताका लागि प्राप्त हुने निवेदनको छानबिन गरी निवेदन प्राप्त भएको मितिले १५ दिन भित्र सवारी दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने सवारीको लगत अभिलेख खडा गरी पहिचान खुल्ने गरी सवारी साधन धनीलाई दर्ता तथा इजाजत पत्र उपलब्ध गराउन सक्नेछ ।

(३) दर्ता भएका सवारी साधनको वार्षिक नवीकरण गर्नुपर्नेछ

(४) दर्ता तथा नवीकरण शुल्क नगरपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ र आर्थिक ऐनले निर्धारण नगरेको अवस्थामा समितिको सिफारिसमा नगरपालिकाले तोके बमोजिम दर्ता शुल्क लाग्नेछ ।

(५) रुट इजाजत पत्र शुल्क नगरपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ । आर्थिक ऐनले निर्धारण नगरेको अवस्थामा समितिको सिफारिसमा नगरपालिकाले तोके बमोजिम अनुमति शुल्क लाग्नेछ ।

(६) नगर सभाबाट पारित आर्थिक ऐनले तोके बमोजिम वार्षिक सवारी कर बुझाउनुपर्नेछ ।

**७. सूचना गर्नुपर्ने:** (१) यस कार्यविधि बमोजिम सञ्चालन अनुमतिका लागि नगरपालिकाले कम्तीमा २१ दिने सार्वजनिक सूचना गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गरी प्राप्त हुने निवेदनको छानबिन र दर्ता गर्दा देहाय बमोजिम क्रमको प्राथमिकताको आधारमा दर्ता गर्नुपर्नेछः

(क) नगरपालिकामा मिति २०७७/३/३० गते भन्दा अघि दर्ता भएका सवारी साधनहरु,

(ख) सूचना बमोजिम उल्लेखित पहिलो प्राथमिकताको क्रममा सवारीहरुको दर्ताका लागि सम्पर्क गर्न नआएमा वा रीत नपुगेका कारण दर्ता नभएमा निर्धारित संख्यामा जति अपुग हुन्छ बाँकी अपुग संख्यामा दर्ताका लागि पुनः ७ दिनको सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ ।

**८. निवेदन दिनुपर्ने**: (१) दफा ४ बमोजिम दर्ता गर्न दर्ता अनुमति सिफारिस तथा रुट इजाजत प्रयोजनका लागि सम्बन्धित सवारी धनीले देहाय बमोजिमका विवरण संलग्न गरी दर्ताका लागि निवेदन दिनुपर्नेछः

(क) सवारी धनीको नाम, थर ठेगानाः नागरिकता नं. र प्राप्त जिल्लाः नागरिकताको प्रतिलिपि,

(ख) सवारी खरिद गरेको मिति र सम्भव भएसम्म खरिद गरेको बिल विजक,

(ग) सवारीको चेसिस नम्बर,

(घ) सवारी चालक आफैं भए चालक अनुमति पत्रको प्रतिलिपि,

(ङ) नेपाल सरकार/प्रदेश सरकारका निकाय, विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नं. र बिलबुकको प्रतिलिपि, दर्ता हुँदा रुट इजाजतपत्र प्राप्त गरेको भए सोको विवरण र पुष्टि हुने कागजात,

(च) उल्लेखित विवरण र कागजात सहित निवेदन पर्न आएमा नगरपालिकाले छानबिन गरी १५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले दर्ता, अनुमति सिफारिस र रुट इजाजतपत्र दिन सक्नेछ ।

९. **सवारी साधन दर्ता तथा सञ्चालनः** नगर क्षेत्रभित्र सवारी साधन दर्ता नगरी सञ्चालन गर्न पाइने छैन । तर बिगतमा दर्ता भएका सवारी साधन नवीकरण गरी सञ्चालन गर्न भने रोक लगाइने छैन । यस दफा बमोजिम दर्ता भई सञ्चालनमा रहेका सवारीको फ्रेम, च्यासिस नं. परिर्वतन गर्न पाइने छैन । लगातार २ वर्ष नवीकरण नभएका सवारी साधनको दर्ता नवीकरण गरिने छैन ।

१०. **सवारी चालक अनुमति पत्रः** नगर क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमति पत्र लिएको हुनुपर्नेछ ।

## परिच्छेद ४
## रुट तथा संख्या निर्धारण सम्बन्धी

११. **रुट निर्धारणः** (१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरु सञ्चालन गरिने रुटको नगरपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको रुट निर्धारण नभएसम्म यस कार्यविधि बमोजिम अनुमति प्राप्त सवारी साधनहरुको रुट देहाय बमोजिम हुनेछः

(क) राजमार्ग, सडक र नगरपालिकाले सूचना प्रकाशित गरी निषेध गरेको क्षेत्र बाहेकका नगर क्षेत्रभित्र कम्तीमा १६ फुट पक्की सडक क्षेत्र,

(ख) नगर क्षेत्रमा सञ्चालन अनुमति प्राप्त चालकले रुट इजाजत पत्र साथमा राख्नुपर्नेछ,

(ग) प्रत्येक सवारी धनीले रुट इजाजतपत्र लिएको हुनुपर्नेछ,

(घ) रुट निर्धारण सम्बन्धमा नगरपालिकाले समय-समयमा परिर्वतन गर्न सक्नेछ ।

(ङ) निजी, व्यक्तिगत प्रयोग, सरकारी कार्यालयका सवारी साधनलाई रुट आवश्यक पर्ने छैन ।

१२. **संख्या निर्धारणः** (१) नगर क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनको संख्या निर्धारण दफा १४ बमोजिमको समितिले गरेको सिफारिसका आधारमा नगर कार्यपालिकाले गर्नेछ ।

(२) नगर कार्यपालिकाले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र व्यवस्थापन समितिको सिफारिस समेतका आधारमा संख्या निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको संख्या नगरपालिकाले समय समयमा पुनरावलोकन गर्न सक्नेछ ।

१३. **आलोपालो तोक्न सक्ने**: (१) यस कार्यविधि बमोजिम निर्धारण गरिएको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकुल प्रभाव परेका जस्ता कारण पाइएमा नगरपालिकाले सरोकारवालाहरु समेतको सुझावका आधारमा सवारी साधनलाई आलोपालो प्रणालीका आधारमा सञ्चालन गर्ने गरी तोक्न सक्नेछ । आलोपालो प्रणाली जोरबिजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सकिनेछ ।

## परिच्छेद ५
## सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी

१४. **सवारी साधन सञ्चालन तथा व्यवस्थापन समितिः** (१) नगर क्षेत्रमा सञ्चालन हुने सवारी साधनहरुको सञ्चालन, व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछः

(क) उप-प्रमुख -संयोजक
(ख) कार्यपालिका सदस्यहरु मध्ये महिला सहित २ जना -सदस्य
(ग) जिल्ला स्थित यातायात व्यवस्था कार्यालयको अधिकृत प्रतिनिधि १ जना- सदस्य
(घ) तनहुँ जिल्ला ट्राफिक प्रहरी प्रमुख १ जना -सदस्य
(ङ) प्रमुखले तोकेको ट्रेड युनियन प्रतिनिधि १ जना -सदस्य
(च) प्रमुखले तोकेको प्राविधिक १ जना -सदस्य
(छ) जिल्ला स्थित उपभोक्ता हित संरक्षण मञ्चको प्रतिनिधि १ जना -सदस्य
(ज) उद्योग वाणिज्य संघ दमौली बजार इकाई प्रतिनिधि १ जना -सदस्य
(झ) जिल्ला स्थित यातायात व्यवसायी समितिको प्रतिनिधि १ जना -सदस्य
(ञ) सम्बन्धित शाखा/उपशाखा प्रमुख -सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी जस्ता कार्यमा देखिएका समस्या समाधान गर्ने,
(ख) सम्बद्ध स्वरोजगार चालक तथा सवारी धनीहरुसँग समन्वय गर्ने,
(ग) भाडा दर निर्धारण गर्ने र लागु गर्ने गराउने,
(घ) सामान्यत प्रत्येक २ वर्षमा भाडा दरमा पुनरावलोकन गर्ने,

(ङ) सवारी साधन सञ्चालन योग्य छ, छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई सञ्चालन योग्य नदेखिएका सवारी साधनको दर्ता र रुट खारेजीको सिफारिस गर्ने,

(च) नगर क्षेत्रमा सञ्चालित सवारी साधन, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी सवारी साधनको संख्या थपघट गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने,

(छ) नगरमा सञ्चालित सवारी साधनमा कलर कोड तोक्ने,

(३) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१५. बिमा गर्नुपर्ने:** (१) सवारी धनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा अनिवार्य गर्नुपर्नेछ ।

**१६. सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्तः** यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा उल्लेख भए बमोजिम र उल्लेख नभएको हकमा देहाय बमोजिम शर्त पालन गर्नुपर्नेछः

(क) सवारी धनी र सवारी चालकको ठेगाना र फोन नं. सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नुपर्नेछ,

(ख) प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष बिमा गराएको हुनुपर्दछ,

(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन,

(घ) दर्ता नभएका र नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाइने छैन,

(ङ) सवारी धनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचयपत्र उपलब्ध गराउने र सवारी चालकले अनिवार्य परिचय पत्र लगाउनुपर्नेछ,

(च) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी सञ्चालन गर्न पाइने छैन,

(छ) यात्रुसँग मर्यादित व्यवहार गर्नुपर्नेछ ।

(ज) सवारी साधनमा अनिवार्य रुपमा दुई वटा डस्विन राख्नुपर्नेछ ।

(झ) नगरलाई सफा राख्न सहयोग पुऱ्याउनुपर्नेछ ।

## परिच्छेद ६
## दण्ड, जरिवाना तथा राहत कोष सम्बन्धी

**१७. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः** यस कार्यविधिको विपरीत दर्ता अनुमति लिनुपर्नेमा दर्ता अनुमति बिना सवारी सञ्चालन गरेगराएमा वा रुट अनुमति बिना सवारी चलाएमा, सवारी चालक अनुमति (लाइसेन्स) प्राप्त नगरी सवारी साधन चलाएको पाइएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेधित क्षेत्रमा सञ्चालन गरेका वा दफा १५ र १६ बमोजिमको शर्त उल्लंघन गरेमा देहाय बमोजिमको जरिवाना हुनेछः

(क) पहिलो पटक भएमा रु.५००। जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा रु.१०००।, तेश्रो पटक सोही कसूर गरेमा रु.२०००। जरिवाना हुनेछ । तीन पटक भन्दा बढी पटक सोही कसूर गरेमा दर्ता अनुमति र रुट परमिट खारेज हुनेछ ।

(ख) दण्ड जरिवाना गर्ने अधिकारी यस दफा बमोजिमको दण्ड जरिवाना प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्नेछ ।

१८. **राहत कोष सम्बन्धी व्यवस्था**ः (१) यस कार्यविधि बमोजिम दर्ता अनुमति सिफारिस प्राप्त गरी रुट इजाजत प्राप्त सवारी चालक दुर्घटना वा अन्य कारणले गम्भिर बिरामी भएमा, अपाङ्गता भएमा र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएमा त्यस्ता सवारी धनी वा चालकलाई राहत सहयोग प्रदान गर्न नगरपालिकाले एउटा श्रमिक कल्याण राहत कोष स्थापना गर्नेछ ।

(२) उपदफा १ बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछः

(क) नगरपालिकाबाट प्रत्येक वर्ष पचास हजार रुपैयाँमा नघटाई जम्मा गरिने रकम,

(ख) दर्ता अनुमति सिफारिस र रुट इजाजत सिफारिसको शुल्क मध्येको १०% रकम,

(ग) दर्ता, अनुमति, सिफारिस र रुट इजाजत सिफारिस गर्दा कोषमा योगदान स्वरुप जम्मा हुने रकम, योगदान स्वरुप रकम जम्मा गर्दा ५ वटासम्म सवारी हुने सवारी धनीले एकमुष्ठ रु.५००। र सो भन्दा बढी जति सुकै सवारी भए पनि सवारी धनीले प्रति सवारी थप रु.१५०। का दरले हुन आउने रकम,

(घ) वार्षिक रुट इजाजत नवीकरण गराउँदा लाग्ने शुल्कको १०% रकम,

(ङ) जरिवानाबाट प्राप्त हुने रकमको २५% रकम,

(च) सवारी करबाट उठेको ५% रकम,

(३) कोषको खाता सञ्चालन नगरपालिकाले छुट्टै खाता खोली गर्नेछ ।

(४) कोषको सञ्चालन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछः

(क) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य -संयोजक

(ख) कार्यपालिकाले तोकेको महिला सदस्य १ जना -सदस्य

(ग) प्रमुखले तोकेको ट्रेड युनियन मजदुर प्रतिनिधि १ जना -सदस्य

(घ) प्रमुखले तोकेको सवारी धनीहरु मध्येको प्रतिनिधि १ जना -सदस्य

(ङ) राजश्व व्यवस्थापन उपशाखा प्रमुख -सदस्य सचिव

(५) कोषको रकम समितिको निर्णय बिना खर्च गर्न पाइने छैन ।

(६) राहत रकम अधिकतम पच्चीस हजार रुपैयाँ भन्दा बढी उपलब्ध गराइने छैन ।

(७) राहत रकम पच्चीस हजार रुपैयाँ भन्दा बढी उपलब्ध गराउनुपर्ने अवस्था भएमा समितिले बढी रकम उपलब्ध गराउनु पर्नाको पर्याप्त कारण र आधार प्रमाण सहित नगर कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ । त्यसरी प्राप्त निर्णय सिफारिस उचित ठहर भएमा नगर कार्यपालिकाले उक्त कोषको अवस्था हेरी बढीमा पचास हजार रुपैयाँसम्म उपलब्ध गराउन सक्नेछ ।

(८) एकै वर्षमा एकै व्यक्तिलाई दोऱ्याएर राहत उपलब्ध गराइने छैन ।

## परिच्छेद ७
## विविध

१९. **विविध**ः (१) दर्ता अनुमति लिई रुट इजाजत प्राप्त सवारीहरुको आयु यो कार्यविधि बमोजिम रुट इजाजत प्राप्त भएका मितिले सामान्यतयाः २० वर्ष मात्र हुनेछ । तर यसै

कार्यविधि बमोजिमको प्राविधिक जाचँबाट सञ्चालन गर्न योग्य नदेखिएमा जुनसुकै बेला पनि स्वतः दर्ता तथा रुट इजाजत खारेज हुनेछ ।

(२) उपदफा १ बमोजिम खारेज भएको दर्ता नं. मा सोही सवारी धनीलाई कायम गर्न पाइने नपाइने भन्ने बारेको निणर्य व्यवस्थापन समितिले निणर्य गरे बमोजिम हुनेछ ।

(३) जरिवानाबाट प्राप्त हुने रकमको व्यवस्थापन देहाय बमोजिम गरिनेछः

(क) जरिवानाबाट नगरपालिकाको सञ्चित कोषमा जम्मा भए पछि प्रत्येक ३/३ महिनामा २५% रकम दफा १८ बमोजिमको श्रमिक कल्याण राहत कोषमा दाखिला गर्ने र २५% रकम नगरको ट्राफिक व्यवस्थापनको अनुगमन, नियमन गर्न तनहुँ जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई उपलब्ध गराइने छ । जरिवानाबाट प्राप्त हुने उक्त रकम ट्राफिक प्रहरी कार्यालयले अनुगमनमा संलग्न प्रहरीलाई प्रोत्साहन तथा कार्यालय व्यवस्थापनमा खर्च गर्न सक्नेछ ।

(४) यो कार्यविधिको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत